# वातावरणीय प्रभाव मूल्याङ्कन : सुधारका पाइलाहरू

बटु कृष्ण उप्रेती*

विश्वमा विकास आयोजनाको वातावरण मूल्याङ्कन गरी विकासलाई दिगो एवम् वातावरण-मैत्री वनाउने प्रयास सुरू भएको ३८ वर्ष पूरा हुन लागेको छ । विकसित राष्ट्रहरूबाट प्रारम्भ भएको यो संयन्त्रको प्रयोग नेपालमा वि.सं. २०३७-४२ को छैटौं योजनादेखि सुरू भयो । यस योजनामा ठूला विकास आयोजनाहरूको वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने नीतिगत व्यवस्था भएको थियो । अर्थात नेपालमा आयोजना तहको वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने यात्रा करिव २७ बर्ष पुगेको छ । नीतिगत व्यवस्था भएको करिव १६ वर्ष (वि.सं. २०३७-२०५३) को यात्रा पछि वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ क्रमशः वि.सं. २०५४ सालको असार १० र १२ गतेदेखि लागू भयो । वातावरण कानुन कार्यान्वयन भएको करिव एक दशकको दौरानमा वातावरण मूल्याङ्कनको प्रयोग र संस्थागत गर्ने प्रयासमा थुप्रै आरोह अवरोह देखिए । वातावरण कानुनको लागू पूर्व सरकारले कार्यान्वयनमा ल्याएको राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० तथा वन र उद्योग क्षेत्रको वेग्ला-वेग्लै वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५२ को योगदान पनि यस प्रक्रियालाई आन्तरिकीकरण गर्ने कार्यमा उल्लेखनीय छन् । साथै वि.सं. २०५० सालदेखि तर्जुमा भएका सवैजसो क्षेत्रगत नीतिहरूमा वातावरण मूल्याङ्कनको प्रयोग गर्न विशेष जोड दिईएको छ ।

वातावरण संरक्षणप्रतिको जागरूकता एवम् सचेतना, अन्तर्राष्ट्रिय प्रयास, देशको नीति, कानुन तथा अन्य संयन्त्रहरूको विकास एवम् कार्यान्वयनले गर्दा आयोजनातहको वातावरण मूल्याङ्कन प्रक्रिया कानुनी एवम् प्रशासकीय दृष्टिले नेपालको निर्णय प्रक्रियामा आन्तरिकीकरण भईसकेको छ । सरसर्ति हेर्दा, वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ मा उल्लिखित प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रावधानको कार्यान्वयन प्रभावकारी रूपमा भएको देखिन्छ । कानुन बमोजिम तोकिएका प्रस्तावको वातावरण मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएपछि मात्रै प्रस्ताव कार्यान्वयन गर्नु पर्ने प्रावधानको धेरैहदसम्म पालना भएको देखिन्छ । यसैगरी नियमावलीमा उल्लिखित प्रतिवदेनहरूको स्वीकृति सम्बन्धी प्रावधानहरूको प्रभावकारी रूपमा पालना भएको छ । तर वातावरणीय अनुगमन सम्बन्धी प्रावधानको कार्यान्वयनमा अझै व्यापक एवम् समन्वयात्मक प्रयास आवश्यक छ भने वातावरणीय परीक्षण (Environmental Auditing) को सुरुवात मात्रै भएको छ ।

वातावरण कानुनको प्रावधान बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण गरे पुग्ने प्रस्तावहरूको कार्यसूची र परीक्षण प्रतिवेदनको स्वीकृति प्रस्तावसँग सम्बन्धित मन्त्रालयबाट हुने भएकोले हालसम्म के कति प्रस्तावहरूको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भयो भन्ने वारेमा तथ्याङ्क प्रकाशमा आएको देखिर्दैन । साना आयोजनाहरूको लागि सरल प्रकारले तयार हुने र कम समयमा स्वीकृत हुन सक्ने भएकोले यसमा खासै समस्या नरहेको अनुमान गरिन्छ । यस्ता प्रतिवेदनलाई एकैठाँउमा एकत्रीत गर्ने संयन्त्रको विकास गर्नु आवश्यक देखिएको छ । तर वातावरणीय प्रभाव मूल्याङ्कन र यससँग सम्बन्धित क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूचीको स्वीकृति वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयबाट हुने भएकोले यस सम्बन्धी एकमुष्ट तथ्याङ्क उपलब्ध हुने अवस्था रहेको छ ।

> वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनहरू स्वीकृत नभएको कारण समयमै विकास कार्यहरू सञ्चालन हुन नसकेको, देशमा विद्युत उत्पादन हुन नसकेको, सडक तथा सिँचाई निर्माणमा ढिलाई भएको आदि चर्चा-परिचर्चा सुन्नमा आउँछन् । कानुनको पालना नभएको र न्यून गुणस्तरको प्रतिवेदन पेश गरी निर्णयकर्ता निकायलाई जिम्मेवार बनाएर *पानी माथिको ओभाने हुने* प्रयासमा निरन्तरता आउनु वातावरण मूल्याङ्कनको क्षेत्रमा वर्तमानको मुख्य चुनौती देखिएको छ ।

* बटु कृष्ण उप्रेती वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत वातावरण मूल्याङ्कन शाखामा प्रमुख हुनुहुन्छ ।

## सहजकर्ताको भूमिकामा कठिनाई

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनहरू स्वीकृत नभएको कारण समयमै विकास कार्यहरू सञ्चालन हुन नसकेको, देशमा विद्युत उत्पादन हुन नसकेको, सडक तथा सिँचाई निर्माणमा ढिलाई भएको आदि चर्चा-परिचर्चा सुन्नमा आउँछन् । कानुनको पालना नभएको र न्यून गुणस्तरको प्रतिवेदन पेश गरी निर्णयकर्ता निकायलाई जिम्मेवार बनाएर *पानी माथिको ओभाने हुने* प्रयासमा निरन्तरता आउनु वातावरण मूल्याङ्कनको क्षेत्रमा वर्तमानको मुख्य चुनौती देखिएको छ । विशेषतः वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्ने जिम्मेवारी भएको वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयले सहजकर्ता तथा प्रवर्द्धकको रूपमा सहयोगी हुँदा विभिन्न समस्याहरू देखिएकाछन् । समस्याको प्रकृति र गहिराई गम्भिर प्रकृतिको देखिदैंन तर कानुनको पालना तथा प्रतिवेदनको गुणस्तर उकास्नु निर्णय प्रक्रियाको आधार हो । मन्त्रालयमा स्वीकृतिको लागि प्राप्त हुने प्रतिवेदनहरूमा कानुनको पालना भएका अपूर्ण कागजात पेश हुने, अपत्यारिलो तथा अपूर्ण सूचना सामग्री रहने, वातावरण मूल्याङ्कनको आधारभूत सिद्धान्त तथा प्रक्रियाको प्रयोग नहुने कारणबाट स्वीकृति प्रकृतिमा वाध्यतावस ढिलाई हुन गएको देखिएको छ । यसका केही उदाहरण निम्न बमोजिम छन्ः

१. मुख्यतया वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्दा अध्ययन हुनु पर्ने प्राथमिकताका सवालहरूको वारेमा क्षेत्र निर्धारण प्रतिवेदनमा कुनै सूचना सामग्री नरहने अवस्था देखिन्छ । अझैपनि केही प्रस्तावको हकमा सार्वजनिक सूचना परामर्शदाताको नाममा प्रकाशन हुने, सूचनाबाट प्राप्त हुने राय सुझाबहरूको विश्लेषण नहुने, प्रतिवेदन तयारकर्तामा वातावरण मूल्याङ्कनको सिद्धान्त र व्यवहार वारेमा न्यून ज्ञान हुनुले विषयको गाम्भिर्यतालाई ओझेलमा पारेको देखिन्छ । प्रतिवेदनमा उल्लेख भएका विषय-वस्तुको वारेमा प्रस्तावक अनभिज्ञ रहने गरेको समेत पाइएकोले यस्ता प्रतिवेदनको गुणस्तर उकास्ने कार्यमा वाधा अडचन् बढ्दै गएको अनुभव रहेको छ ।

२. कार्यसूचीको ढाँचा वातावरण संरक्षण नियमावली, २०५४ को अनसूची ४ मा उल्लेख छ । यस अनसूचीको नं. ३, ६ र ७ को मर्म नबुझी कार्यसूची तयार गरी स्वीकृतिको लागि पेश गर्ने चलनमा कमी आएको छैन । कुनै प्रस्तावको कार्यसूचीलाई सोही नियमावलीको नियम ५ बमोजिम परिमार्जन गरी स्वीकृत गरी एक पटक दिइसकेको अवस्थामा पछि सोही प्रस्तावकबाट अर्को प्रस्तावको लागि पेश हुने कार्यसूचीहरूमा सुधार गर्ने वानी वसिसकेको देखिदैंन । जुनसुकै गुणस्तरको कार्यसूची वा प्रतिवेदन पेश गरे पनि स्वीकृत हुनु पर्ने सोच अझै हावी भएको देखिन्छ ।

३. वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिको लागि पेश गर्दा वातावरण संरक्षण नियमावलीको नियम ७(२) बमोजिम प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा भएको सार्वजनिक सुनुवाईको प्रमाण पेश नहुनु, सोही नियमावलीको नियम १० बमोजिम प्रस्ताव कार्यान्वयन हुने गा.वि.स. वा नगरपालिकाको सिफारिस पत्र पेश नहुनु तथा स्वीकृत कार्यसूची बमोजिम प्रतिवेदन तयार नगर्ने प्रवृत्ति स्वीकृतिको लागि ढिलाईका प्रमुख कारण भएको अनुभव गरिएको छ । सहजकर्ताको भूमिकालाई कार्यान्वयन तहमा ल्याउँदा कानुनको पालना हुनु पर्ने र प्रभाव मूल्याङ्कनको आधारभूत सिद्धान्त र पालना गर्नु पर्ने आचार संहितालाई लत्याउन नसकिने रहेछ । न्यून गुणस्तरको प्रतिवेदन पेश गरी निर्णय प्रक्रियालाई प्रभावित पार्ने हचुवा प्रवृत्ति हावी भएसम्म वातावरण मूल्याङ्कन प्रक्रियाबाट हुने फायदालाई अधिकतम गर्ने प्रयास फलदायी नहुने अनुभव गरिन्छ ।

चाहना र वास्तविकता फरक कुरा रहेछन् । सुधारका प्रयासको लागि सवैको सहयोग अत्यावश्यक हुने नै भयो । निर्णयमा ढिलाई तथा प्रक्रियामा कमी कमजोरी देखिदैंन । ढिलाई भएको छ, कानुनको पालना गराउने र प्रतिवेदनको गुणस्तर उकास्ने प्रयासमा । तर यो ढिलाईमा निर्णय दिने निकायको भूमिका न्यून छ । एक आयोजनाको क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूचीको स्वीकृति प्रक्रियामा बढी समय लागेको प्राप्त गुनासोलाई विश्लेषण गर्दा कानुनको पालना गर्न ४ पटकसम्म प्रतिवेदन फर्कदा करिव १०२० दिन लागेको रहेछ र यसमा वातावरण विज्ञान तथा प्रविधि मन्त्रालयमा करिव ६० दिन रहेको देखियो । यसरी हेर्दा करिव ६ प्रतिशत समय सो मन्त्रालयमा रहेको देखियो ।

## निर्णय प्रक्रिया

प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन र यससँग सम्बन्धित प्रतिवेदन प्राप्त भए पछिको निर्णय प्रक्रिया निम्न बमोजिम छन् ।

१. मन्त्रालयमा क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची दर्ता भए पछि नियमित प्रक्रिया बमोजिम ती प्रतिवेदन वातावरण मूल्याङ्कन शाखामा आउँछ । वातावरण संरक्षण नियमावली, २०५४ को नियम ४ बमोजिमको सार्वजनिक सूचना छ, छैन, सो सूचना स्पष्ट बुझिने छ, छैन र राय सुझाव कसलाई पेश गर्न आह्वान गरिएको छ (सूचनाको ढाँचा वि.सं. २०५५ सालतिर नै सार्वजनिक भएको थियो र मन्त्रालयबाट प्रकाशित अन्य प्रतिवेदनहरूमा पनि सूचनाको ढाँचा रहेका छन्)? कुन निकाय मार्फत प्रतिवेदन प्राप्त भएको छ? जाँचबुझ गरी कानुनको पालना भए नभएको यकिन गर्नु शाखाको पहिलो कार्य हुन्छ । अन्य कानुन बमोजिम प्राप्त अनुमति पत्र जस्तै जलविद्युत उत्पादन गर्ने आयोजनाको हकमा विद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्रमा उल्लिखित विवरणहरू र सार्वजनिक सूचना तथा पेश भएको प्रतिवेदनमा एक रूपता कायम भए नभएको वारेमा पुनरावलोकन हुन्छ । तत्पश्चातः क्षेत्र निर्धारण प्रतिवेदनमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा अध्ययन हुने प्राथमिकताका सवालहरू बारेमा पुनरावलोकन हुने गर्छ ।

२. क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची एकै पटक पेश गर्न सकिने कानुनी प्रावधान बमोजिम प्राप्त हुने कार्यसूची वातावरण संरक्षण नियमावली, २०५४ को अनुसूची ४ को ढाँचामा तयार भए नभएको र कार्यसूचीमा उल्लिखित विषय-वस्तुलाई प्रस्तावको सान्दर्भिकतासँग जोडी पुनरावलोकन गरिन्छ ।

३. कानुनको पालना भएको, सम्बन्धित निकायबाट उल्लेखनीय राय सुझाव नभएको तथा न्यूनतम गुणस्तर कायम भएको प्रतिवेदन प्राप्त भएको अवस्थामा क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूचीमा विज्ञ तथा सम्बन्धित निकायका प्रतिनिधिहरूबाट राय सुझाव लिन १० सदस्यीय वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सुझाव समितिको गठनको लागि पेश हुन्छ । यसको लागि शाखामा कार्यबोझको आधारमा करिव २ देखि

७ दिन सम्म लाग्ने गरेको र निर्णयको लागि अत्यन्तै न्यून समय १ वा २ दिन लाग्ने गरेको हालको अवस्था रहेको छ । यसपछि माथि उल्लिखित समितिको बैठकको आयोजना गर्न करिव ७ दिन पूर्व सदस्यहरूलाई प्रतिवेदन पठाउने गरिन्छ । सो समितिको बैठककै दिन माइन्यूट तयार गरी प्राप्त राय सुझावहरूको विश्लेषण गरी करिव ३ दिन भित्र प्रस्तावकलाई निर्णय पठाउने गरेको थुप्रै उदाहरणहरू छन् । कानुनको पालना र प्रतिवेदनको गुणस्तर कायम भएको अवस्थामा माथि उल्लिखित सबै प्रक्रिया पूरा गरी करिव १२ दिनमा क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची स्वीकृत भएको उदाहरण पनि मन्त्रालयसँग छ ।

४. सम्बन्धित निकायमार्फत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन प्राप्त भएपछि वातावरण मूल्याङ्कन शाखाले (१) माथि उल्लिखित नियमावलीको नियम ७ (२) बमोजिम प्रस्ताव कार्यान्वयन हुने गा.वि.स. वा नगरपालिकामा सार्वजनिक सुनुवाई भएको प्रमाण, (२) नियम १० बमोजिम कार्यान्वयन हुने गा.वि.स. वा नगरपालिकाको सिफारिस पत्र, र (३) स्वीकृत कार्यसूची बमोजिम प्रतिवेदन तयार भए नभएको बारेमा जाँचबुझ हुन्छ । यी ३ बुँदाहरूको पालना भएको अवस्थामा सोही नियमावलीको नियम ११ बमोजिम राष्ट्रिय दैनिकमा ३० दिने सूचना प्रकाशन गरी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सार्वजनिक हुन्छ । यस अवधिमा सो प्रतिवेदनमा विज्ञ तथा सम्बन्धित निकायका प्रतिनिधिहरूबाट राय सुझाव लिनको लागि वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सुझाव समितिको बैठक हुन्छ । सार्वजनिक सूचना र समितिबाट प्राप्त राय सुझाव एवम् प्रतिवेदनको पुनरावलोकन गर्दा देखिएका पक्षहरूलाई विचार गरी सो प्रतिवेदनको स्वीकृति वा परिमार्जन वारेमा निर्णय हुने गरेको छ । वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन प्राप्त भएको अवस्थामा सबै कानुनी प्रक्रिया पुरा गरी सार्वजनिक गर्न लागेको ३० दिन समेत गरी कुल ३१ दिनमा पनि प्रतिवेदन स्वीकृत भएको छ ।

प्रतिवेदनहरू परिमार्जन गर्नु पर्ने अवस्थामा पनि एक पटक सम्बन्धित मन्त्रालयबाट वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयमा प्रतिवेदन प्राप्त भएपछि सिधै प्रस्तावकलाई जानकारी दिने नीतिगत निर्णय आन्तरिकीकरण भएको छ र यसबाट वि.सं. २०६२ को उत्तरार्द्ध भन्दा अघिको अवस्थासँग तुलना गर्दा एक प्रस्तावको लागि करिव ४ महिनासम्म समय बचत भएको देखिन्छ । यसरी हालका वर्षमा निर्णय प्रक्रियामा यथेष्ठ सरलीकरण भएको छ । वातावरण कानुन लागू भएपछि वि.सं. २०५५ सालदेखि असार १५, २०६५ सम्म कुल ८४ वटा आयोजनाहरूको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनहरू स्वीकृत भएको देखिन्छ र हालको सरलीकरणबाट पछिल्लो २ वर्ष ६ महिनामा ३९ वटा वा कुल मूल्याङ्कन प्रतिवेदनको ४६ प्रतिशत स्वीकृत भएको देखिन्छ ।

प्रतिवेदनको गुणस्तर उकास्ने प्रयासमा नर्वेजियन सरकारको सहयोग सञ्चालित आयोजना अन्तर्गत विभिन्न गाइड्स्को प्रकाशन, व्यापक वितरण तथा मन्त्रालयको वेवसाइटमा सन् २००६ मा राखिएको छ । तर दुर्भाग्य, ती सामग्रीको प्रयोग भएको वारेमा प्रतिवेदनको पुनरावलोकन गर्दा झ-झल्को पनि देखिदैंन । यहाँ के मात्रै स्पष्ट गर्न खोजिएको हो भने कानुनको पालना नभएको र न्यून गुणस्तरको प्रतिवेदन पेश भए पनि स्वीकृत हुनै पर्ने सोचबाट हामी टाढा नरहेसम्म वातावरण मूल्याङ्कनको प्रक्रियाबाट प्राप्त हुने लाभ लिन सकिने देखिदैन । केवल अन्य प्रतिवेदनको उतार (कट् एण्ड पेष्ट) गर्न नहिच्किचाउनेहरूलाई लाभ दिने मात्रै हो ।

यस प्रयासमा विकास प्रस्तावकहरूको विश्लेषण र सुझाव उपयोगी मार्गदर्शन हुन सक्छ । तर अल्पकालीन लाभमा संलग्नहरूको लागि कानुनको पालना र प्रतिवेदनको गुणस्तर उकास्ने प्रयास वाधकको रूपमा देखा परेको अनुभव यस लेखकको छ ।

## बुझाईमा एक रूपता आवश्यक

वातावरणीय प्रभाव मूल्याङ्कन प्रक्रियाबाट लाभ लिनको लागि यसमा प्रत्यक्ष वा परोक्षरूपमा संलग्न हुने सरोकारवालाहरूको योगदान उल्लेखनीय रहन्छ । यो प्रक्रियामा मुख्यतया (१) प्रस्तावक (प्रतिवेदन तयारकर्ता), (२) सम्बन्धित निकाय (प्रस्तावसँग सम्बन्धित मन्त्रालय र सो अन्तर्गतको विभाग वा कार्यालय समेत) तथा प्रतिवेदन जाँचबुझ गर्ने निकाय, तथा (३) वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय ( प्रतिवेदन स्वीकृतकर्ता) बीच वातावरणीय प्रभाव मूल्याङ्कनको सिद्धान्त, प्रयोग र व्यवहार एवम् कानुनी प्रावधान सम्बन्ध उस्तै बुझाई हुनु अत्यन्तै आवश्यक भएको छ । कानुनको प्रावधानको व्याख्या तथा प्रतिवेदनको प्राविधिक पक्ष वारेमा एकै प्रकारको बुझाई नभएको अवस्थामा प्रस्तावको कार्यान्वयन गर्न लगानी गर्ने समुदायले पीडा भोग्नु पर्ने अवस्था छ । अझै जे जस्तो विषयमा भए पनि प्रतिवेदन तयारीमा संलग्न हुनेहरूले वातावरणीय प्रभाव मूल्याङ्कनको सम्बेदनशीलता र यो प्रक्रियाबाट प्रस्तावकलाई लाभ लिन सहयोग पुऱ्याउनुको सट्टा क्षणिक लाभको लागि कानुनको पालना नभएको र न्यून गुणस्तर तथा *कट् एण्ड पेष्ट*को प्रतिवेदन तयार गरी प्रस्तावकलाई अप्ठ्यारो अवस्थामा पार्न नहुने हो । यहाँनेर महत्वपूर्ण कुरा के छ भने प्रस्तावकलाई कुन आयोजनाको क्षेत्र निर्धारण, कार्यसूची वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको कुन कुन अंश आफ्नो आयोजनाको त्यस्ता प्रतिवेदनमा रहेको छ थाहा नहुनु स्वभाविकै हो तर प्रतिवेदन पुनरावलोकनकर्ता तथा निर्णयकर्तालाई यी कुराहरू थाहा हुन्छन् । समस्या यहिँनेर हो ।

साधारणतया वातावरणीय प्रभाव मूल्याङ्कनको विधि, सवाल, प्रभाव, वातावरण सरक्षणका उपायहरू, अनुगमन तथा परीक्षणका विषय-वस्तु उस्तै खालका देखिन्छन् तर आयोजना अनुसार ति सबै फरक हुन सक्छन् । सबै विद्यार्थीले पढ्ने पुस्तक एउटै हो, प्रश्न पनि उनै हुन् तर विद्यार्थीको लेखन र प्रस्तुतीकरणको आधारमा तिनको शैक्षिक गुणस्तर निर्धारण हुन्छ । वातावरणीय प्रभाव मूल्याङ्कन तथा यो सँग सम्बन्धित प्रतिवेदनको गुणस्तर बुझ्ने प्रक्रिया पनि यही हो । अतः वातावरणीय प्रभाव मूल्याङ्कनबाट लाभ लिन सबैको समन्वयात्मक प्रयास आवश्यक छ तथा प्रभावित पार्ने प्रयासबाट समाधानको बाटो होइन ।

❖